

# ५ येशू ख्रीष्ट सर्वोच्च वा उत्कृष्ट शिक्षकको अनुकरणीय उदाहरण

***यस अध्यायका मूल पदहरूः*** हिब्रू १:१-४,२ कोरन्थी ४:१-६, यूहन्ना १:१४,१८, यूहन्ना १४:१-१४, फिलिप्पी २:१-११ र २ कोरन्थी ५:१६-२१।

***यस अध्यायको मूल सार पदः*** "जुन परमेश्वरले 'अँध्यारोबाट ज्योति चम्कोस्' भन्नुभयो, उहाँ हाम्रा हृदयमा चम्कनुभएको छ, ताकि परमेश्वरका महिमाको ज्ञानको ज्योति ख्रीष्टको मुहारमा चम्कोस्।" (२ कोरिन्थी ४:६)।

विश्वविख्यात प्रचारक बिल्ली ग्राहमले एउटा कथा सुनाएका थिए। युद्धको समयमा उनी युद्धभूमिमा रहेको अस्पतालमा सेनापतिसँग हेर्न गएका थिए। त्यहाँ युद्धले गर्दा खुट्टा काटिएको, खुट्टामा स्टिलको तारले बाँधिएको, कपडाले छोपेको र अरू शारीरिक पिडाले गर्दा घोप्टो परिरहेको एक जना सिपाहीँ थियो। डाक्टरले विल्ली ग्राहमलाई भने "यो मानिस शायद कहिल्यै पनि हिंड्न सक्दैन होला।" त्यसबेला त्यस सिपाहीँले सेनापतिलाई अनुरोध गऱ्यो, "हजुर...तपाईंको निम्ति मैले लडाईं गरें, तर तपाईंको अनुहार कहिल्यै पनि देखेको छैन।" सेनापति घुँडा टेकेर सिपाहीँले ओडिरहेको कपडा खोलेर उसँग कुरा गरे। बिल्ली ग्राहमले त्यो मार्मिक दृष्य हेरिरहेको थियो। त्यस सिपाहीँको आँखाबाट आँशु टपटप झर्दै त्यस सेनापनिको गालामा परिरहेको थियो।

वर्तमान अवस्था जस्तो जब येशूको जन्म भयो त्यसबेला सारा मानव जात पापले गर्दा क्षतविक्षत भइरहेको थियो र रगताम्य भएर परिरहेको थियो। त्यसबेल मानव जातले परमेश्वरको निको पार्ने दर्शनको आवश्यकता थियो। मानव जातले पनि यही चित्कार गरिरहेको जस्तो थियो "हे प्रभु, के तपाईंको

अनुहार हामी देख्न सक्छौं?" जब सनातन सृष्टिकर्ता परमेश्वरले आफ्नो पुत्रलाई यस संसारमा पठाउनुभयो तब मानव जातलाई उहाँको अनुहार देखाउन जगतको उत्कृष्ट तथा सर्वोच्च शिक्षक वा गुरु उहाँको लक्ष लिएर पठाइनुभएको थियो। त्यसैबेलादेखि "परमेश्वरको ज्ञानको दिव्यज्योतिको महिमा येशूको अनुहारमा" (२ कोरन्थी ४:६ रूपान्तरित) हेर्ने अवसर पाइरहेका छौं।

जब हाम्रो सर्वोच्च गुरु यस पृथ्वीमा हिँडडुल गर्नुभएको थियो उहाँबाट हामी के सिक्नसक्छौं? हेरौं यस अध्यायमा उहाँबाट सिक्न सकिने केही शिक्षाहरू।

## १. सनातन सृष्टिकर्ता परमेश्वर पिताको प्रकट-भाग १

हिब्रूको पुस्तकको सुरुमा प्रेरित पावलले एक उल्लेनीय महत्त्वपूर्ण भनाइ व्यक्त गर्दछन्। त्यो के हो? हेर्नुहोस्, हिब्रू १:१-४ "१ प्राचीन कालमा हाम्रा पितापुर्खाहरूसँग अगमवक्ताहरूद्वारा धेरै र विभिन्न किसिमले परमेश्वर बोल्नुभयो। २ तर यी आखिरी दिनहरूमा उहाँ आफ्ना पुत्रद्वारा हामीसँग बोल्नुभएको छ। पुत्रलाई नै उहाँले सबै कुराका उत्तराधिकारी नियुक्त गर्नुभयो, उहाँद्वारा नै समस्त सृष्टि रच्नु पनि भयो। ३ उहाँ नै परमेश्वरका महिमाको प्रतिबिम्ब र परमेश्वरकै स्वभावको वास्तविक प्रतिरूप हुनुहुन्छ, र सम्पूर्ण विश्वलाई आफ्नो शक्तिको वचनले सम्भाल्नुहुन्छ। पापको शुद्धि गर्नुभएपछि महिमित परमेश्वरको दाहिने बाहुलीपट्टि उच्च स्थानमा उहाँ विराजमान हुनुभयो। ४ जसरी उहाँले प्राप्त गर्नुभएको नाउँ स्वर्गदूतहरूका भन्दा उत्तम छ, त्यसरी नै उहाँ तिनीहरूभन्दा अझ उच्च ठहरिनुभएको छ।"

नयाँ करारका लेखकहरूले बारम्बार यो महत्त्वपूर्ण धारणालाई जोरकातोरले उचालिरहेको पाइन्छः सनातन सृष्टिकर्ता परमेश्वर पिता कस्तो हुनुहुन्छ भनेर देखाउन यस संसारमा येशू आउनुभयो। परमेश्वरको बारेमा पुरानो समयमा विभिन्न अगमवक्ताहरूले त देखाएका थिए तर टुक्रा टुक्रामा प्रकट गरिएको थियो। तर येशू ख्रीष्टमा परमेश्वर पिताको अन्तिम र शिद्ध अनुहार वा स्वभाव प्रकट भएको थियो।

व्यक्तिगतरुपमै येशू "परमेश्वरको महिमाको प्रतिबिम्ब" (हिब्रू १:३ रूपान्तरित) हुनुहुन्छ। हामी पापी भएकोले परमेश्वरको सक्कल महिमा हेर्न असक्षम् थियौं। मानव चोला लिएर आउभएको येशूले उहाँको महिमालाई प्रतिबिम्बित पारेको छ। येशूको मानवतामा मौन भएर लुकिएको परमेश्वरको

महिमालाई हेर्न सक्नुभनेको परमेश्वरको प्रेमिलो चरित्र वा स्वभावलाई बुझ्न सक्नु हो।

"परमेश्वरको व्यक्तित्वको छापलाई व्यक्त गर्नुहुने" (हिब्रू १:३ रूपान्तरित) येशू हुनुहुन्छ। यहाँ उल्लेख गरिएको ग्रीक शब्द *क्याराक्टर* *character* हो। मैनले लाहा छाप लगाउँदा राखिने चिन्ह वा सिक्कामा राखिने राजामहाराजालाई प्रतिनिधि गर्ने छापलाई वर्णन गर्न यो शब्द प्रयोग गरिन्थ्यो। त्यसकारण, येशू ख्रीष्ट "परमेश्वर आफ्नै स्वभावको छाप दुरुस्त छाप हुनुहुन्छ (हिब्रू १:३ रूपान्तरित)।

यदि हामीले सनातन सृष्टिकर्ता परमेश्वरलाई चिन्न चाहन्छौं भने उहाँको बारेमा सर्वोच्च महान् गुरु येशूले के भन्नुहुन्छ त्यो होशियार भएर सुन्न जरुरी छ। अनि उहाँको गतिविधिलाई पनि हेर्नु जरुरी छ। परमेश्वर पुत्रमा परमेश्वर पिता देखाइनुभएको छ।

येशू को हुनुहुन्छ र उहाँबाट हामी के सिक्छौं भनेर देहायका पदहरूलाई तुलनात्मरूपमा हेर्नुहोस्: हिब्रू १:१-४ "१ प्राचीन कालमा हाम्रा पितापुर्खाहरूसँग अगमवक्ताहरूद्वारा धेरै र विभिन्न किसिमले परमेश्वर बोल्नुभयो। २ तर यी आखिरी दिनहरूमा उहाँ आफ्ना पुत्रद्वारा हामीसँग बोल्नुभएको छ। पुत्रलाई नै उहाँले सबै कुराका उत्तराधिकारी नियुक्त गर्नुभयो, उहाँद्वारा नै समस्त सृष्टि रच्नु पनि भयो। ३ उहाँ नै परमेश्वरका महिमाको प्रतिबिम्ब र परमेश्वरकै स्वभावको वास्तविक प्रतिरूप हुनुहुन्छ, र सम्पूर्ण विश्वलाई आफ्नो शक्तिको वचनले सम्भाल्नुहुन्छ। पापको शुद्धि गर्नुभएपछि महिमित परमेश्वरको दाहिने बाहुलीपट्टि उच्च स्थानमा उहाँ विराजमान हुनुभयो। ४ जसरी उहाँले प्राप्त गर्नुभएको नाउँ स्वर्गदूतहरूका भन्दा उत्तम छ, त्यसरी नै उहाँ तिनीहरूभन्दा अझ उच्च ठहरिनुभएको छ।" सँग २ कोरन्थी ४:१-६ "१ यसकारण परमेश्वरको कृपाद्वारा हामीसँग यो सेवा भएकोले हामी हरेस खाँदैनौं। २ हामीले शर्मका र लुकीछिपी गर्ने कामहरू त्यागेका छौं। हामी धूर्त काम गर्न वा परमेश्वरको वचनलाई हेरफेर गर्न इन्कार गर्छौं। तर सत्यको वचन खुलस्त गरी घोषणा गर्दै परमेश्वरको दृष्टिमा हामी हरेक मानिसको विवेकमा आफैलाई ग्रहणयोग्य तुल्याउँछौं। ३ हाम्रो सुसमाचार घुम्टोले ढाकिएको भए तापनि यो नष्ट हुनेहरूका निम्ति मात्र घुम्टोले ढाकिएको छ। ४ तिनीहरूका विषयमा भनौं भने ख्रीष्ट, जो परमेश्वरको रूप हुनुहुन्छ, उहाँको महिमाको सुसमाचार तिनीहरूले नदेखून् भनेर

यस संसारको देवले अविश्वासीहरूको समझलाई अन्धो तुल्याइदिएको छ। ५ हामी आफ्नै प्रचार गर्दैनौं, तर येशूको खातिर हामी तिमीहरूका दास भएर, येशू ख्रीष्ट नै प्रभु हुनुहुन्छ भनी प्रचार गर्दछौं। ६ जुन परमेश्वरले "अँध्यारोबाट ज्योति चम्कोस्" भन्नुभयो, उहाँ हाम्रा हृदयमा चम्कनुभएको छ, ताकि परमेश्वरका महिमाको ज्ञानको ज्योति ख्रीष्टको मुहारमा चम्कोस्।" यस २ कोरन्थी ४:१-६मा येशू को हुनुहुन्छ र उहाँबाट हामी के सिक्न सक्छौं भनेर कसरी देखाइएको छ?

अरूलाई सिकाउने क्रममा पावल र उनका सहकर्मीहरूले परमेश्वर पिताको बारेमा प्रतिबिम्बित पार्नुभएको येशूलाई आफ्नै शिक्षादीक्षामा पनि प्रतिबिम्बित गर्न चाहेका थिए। "परमेश्वरको स्वरुप" (२ कोरन्थी ४:४) हुनुभएको येशूले परमेश्वर पिताको दिब्यज्ञानलाई ल्याउनुभएको थियो। परमेश्वरको वचनलाई छलकपट गरेर वा भ्रष्टपारेर प्रस्तुत गर्न नचाहँदै सत्यलाई जस्ताको त्यस्तै स्पष्ट र सरल तरिकाले पावलले प्रस्तुत गर्न चाहेका थिए (२ कोरन्थी ४:२)।

जसरी सृष्टिमा परमेश्वरले अन्धकारलाई हटाउन प्रकाशलाई प्रयोग गर्नुभयो, त्यसरी नै उहाँको बारेमा अनेकौं भ्रम र झुठा दृष्टिकोणहरू चाहे ती धर्मकै नाउँमा किन नहोस् हटाउने जिम्मा उहाँले येशूलाई दिनुभएको थियो। हामीलाई परमेश्वरको बारेमा सही सत्यता प्रकट गर्न येशू आउनुभएको थियो। येशूकै अनुहार वा व्यक्तित्वमा हामीले परमेश्वरको बारेमा स्पष्ट ज्ञान हासिल गर्न सक्छौं (२ कोरन्थी ४:६)।

परमेश्वर कस्तो हुनुहुन्छ भनेर येशूले ठीकसँग चित्रण गर्नुभएको छ र उहाँको प्रतिबिम्बित पार्नुभएको छ। हामीलाई पनि "परमेश्वरको देखासिकि गर्ने प्रिय सन्तान होस्" (एफिसी ५:१ रूपान्तरित) आह्वान गरिएको छ। त्यसको अर्थ के हो र परमेश्वरको देखासिकि गर्न येशूबाट हामी के सिक्न सक्छौं?

## २. परमेश्वरलाई प्रकट गर्नु-भाग २

आफ्नो पुस्तकको परिचय अत्यन्तै मार्मिक ढँगले प्रस्तुत गर्दा यूहन्नाले यूहन्ना १:१-१८मा येशू ख्रीष्ट "वचन" हुनुहुन्छ भनेर येशूको बारेमा आफ्नो धारणा स्पष्टरूपमा प्रस्तुत गर्दछन्। (कतिपय मानिसहरूले दावी गरेको अनुसार वा इसाईहरूले क्रिष्टमास जस्तो चाड मनाएर उहाँको अस्तित्व केवल दुई हजार वर्षदेखिमात्रै हो भनेर देखाउन खोजिएतापनि) येशूको अस्तित्व यस

संसारको सृष्टि हुनुभन्दा अघि नै थियो। साँच्चै भनौं भने उहाँ अनन्तदेखि हुनुहुन्थ्यो। उहाँ कहिल्यैपनि विना अस्तित्वमा रहनुभएन। यस पृथ्वी र आकाश वा (आकाश गङ्गा?)को सृष्टिमा उहाँको प्रमूख हात थियो (यूहन्ना १:२,३)। उहाँ मानिसहरूको निम्ति ज्योति वा दिव्यज्ञान हुनुहुन्थ्यो (यूहन्ना १:४ रूपान्तरित)। जब त्यस वचन यस संसारमा आए तब उहाँले प्रत्येक मानिसलाई आत्मज्ञानको ज्योति वा चेतना दिन उहाँ आउनुभएको थियो (यूहन्ना १:९)।

यूहन्नाकै भनाइ अनुसार येशू मानव चोला लिनुभएपछि त्यसको नतिजा के भयो त? वचन हुनुभएको हैशिएतले उहाँले के ज्योति वा दिव्यज्ञान उहाँले ल्याउनुभयो? सो गर्नमा उहाँको योग्यता के थियो? हेर्नुहोस्, यूहन्ना १:१४,१८ "१४ अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो। हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो।...१८ परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन। पिताको साथमा हुनुहुने एक मात्र पुत्रले उहाँलाई प्रकट गर्नुभएको छ।"

"जब यस संसारको अन्धकार अत्यन्तै गहिरो थियो...तब मानव जातको निम्ति केवल एउटामात्र आशा थियो...त्यो हो परमेश्वरको ज्ञान जसले यस संसारलाई पुनर्स्थापित गर्ने आशा। यही ज्ञानलाई पुनर्स्थापना गर्न वा फेरि दिन येशू आउनुभएको थियो। परमेश्वरलाई चिनेको छु, भेटेको छु, उहाँसँग संवाद गरेको छु, उहाँले मलाई प्रत्यक्षरूपमा दर्शन दिनुभएको छ भनेर उहाँको गलत प्रतिनिधित्व गर्दै विभिन्न मनगढन्ते र गल्ती शिक्षाहरूलाई पाखा लगाउन येशू आउनुभएको थियो। उहाँको व्यवस्थाको स्वभाव कस्तो थियो भनेर प्रकट गर्न उहाँ आउनुभएको थियो। परमपिता सनातन परमेश्वरको सुन्दर पवित्रताको चरित्र वा स्वभाव आफैमा प्रकट गर्न येशू आउनुभएको थियो।"-एलेन जी ह्वाइट, एजुकेशन, पृ. ७४-७५बाट रूपान्तरित।

येशू ख्रीष्टले यो दावी गर्नुभयो "जसले मलाई देख्छ उसले परमेश्वर पितालाई देखेको हुन्छ" (यूहन्ना १४:९ रूपान्तरित)। कुन परिवेशमा येशूले भन्नुभएको थियो? त्यो मत उहाँले किन व्यक्ति गर्नुभयो होला? हेर्नुहोस् यूहन्ना १४:१-१४ "१ 'तिमीहरूको हृदय व्याकुल नहोस्। तिमीहरू परमेश्वरमाथि विश्वास गर्दछौ, ममाथि पनि विश्वास गर। २ मेरा पिताको घरमा बस्ने ठाउँहरू धेरै छन्। त्यसो नभए, के म तिमीहरूलाई भन्नेथिएँ र, कि तिमीहरूका निम्ति ठाउँ तयार पार्न म गइरहेछु? ३ अनि गएर मैले तिमीहरूका निम्ति ठाउँ

तयार पारेपछि म फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु,
त्यहाँ तिमीहरू पनि हुनेछौ। ४ जहाँ म गइरहेछु, तिमीहरू त्यहाँ जाने बाटो
चिन्छौ।' ५ थोमाले उहाँलाई भने, 'हे प्रभु, तपाईं कहाँ जाँदैहुनुहुन्छ, हामी
जान्दैनौं, तब हामीले बाटो कसरी चिन्ने? ' ६ येशूले तिनलाई भन्नुभयो, 'बाटो,
सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन।
७ तिमीहरूले मलाई चिनेका भए, मेरा पितालाई पनि चिन्नेथियौ। अबदेखि
उसो उहाँलाई चिन्दछौ, र उहाँलाई देखेका छौ।' ८ फिलिपले उहाँलाई भने, 'हे
प्रभु, हामीलाई पिता देखाइदिनुहोस्। त्यति भए हामीलाई पुग्छ।' ९ येशूले
तिनलाई भन्नुभयो, 'फिलिप, यतिको समयसम्म म तिमीहरूसँग छु, तैपनि तिमीले
मलाई चिन्दैनौ? जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ। तिमी
कसरी भन्न सक्छौ, 'हामीलाई पिता देखाइदिनुहोस्? १० म पितामा छु, र पिता
ममा हुनुहुन्छ भनेर के तिमी विश्वास गर्दैनौ? जुन वाणी म तिमीहरूलाई
भन्दछु, त्यो मैले मेरो आफ्नै अधिकारमा बोलेको होइनँ तर ममा वास गर्नुहुने
पिताले आफ्नो काम गर्नुहुन्छ। ११ मलाई विश्वास गर, कि म पितामा छु, र
पिता ममा हुनुहुन्छ। नत्रभने यी कामहरूकै खातिर विश्वास गर। १२
'साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेका
काम पनि गर्नेछ, र तीभन्दा ठूला काम गर्नेछ, किनभने म पिताकहाँ गइरहेछु।
१३ तिमीहरूले मेरो नाउँमा जेसुकै मागे तापनि पुत्रमा पिताको महिमा होस्
भनेर म त्यो गर्नेछु। १४ तिमीहरूले मेरो नाउँमा कुनै थोक माग्यौ भने म
गरिदिनेछु।

फिलिपले ठूलो भूल गरेर सोधिएको प्रश्न (यूहन्ना १४:८)को आलोचना गर्न हामी हिचकिचाउँदैनौं होला। वर्षौंसम्म येशूसँग रहेर पनि येशूको मानव चोलाको महत्त्वपूर्ण पक्ष उनले अझैसम्म पनि बुझ्न सकेको थिएन-कि येशू सनातन सृष्टिकर्ता परमपिता परमेश्वरको चरित्र वा स्वभावलाई देखाउनु आउनुभएको थियो। शायद बाइबल सिकाउनेहरूले फिलिपको प्रश्नले केही सान्त्वना पाउन सक्छन् होला। येशूसँगै रहेर पनि येशूका चेलाहरूमा एक जना फिलिप परिक्षामा राम्रो मार्क ल्याएन। फिलिपको त्यो प्रश्न किन बाइबलमा राखियो होला? शायद उनको आलोचना गर्न होइन तर हामीहरू आफैले आफूलाई जाँच्न अवसर दिन होला। (येशूसँग हामी कति हिंड्यौं वा उहाँको बारेमा जानेको छु भनेर कति दावि गर्‍यौं वा म यदि वर्षदेखि इसाई भएको छु भनेर कति दावि गर्छौं होला? म फलाना इसाई घरानबाट आएको हुँ वा

फलाना इसाई विश्वविद्यालयमा पढेको छु भनेर गौरब गर्छौं होला वा मैले मिशनमा यतिको वर्षसम्म काम गरेको कर्मचारी हुँ भनेर फाइँफुट्टी लगाऔँला?- अनुवादकको थप)। तर के फिलिपले भन्दा हामीले येशूलाई राम्रोसँग चिनेको हौंला? येशूले भन्नु भयो जसले मलाई देखेको छ, उसले पितालाई देखेको हुन्छ।"

## ३. सर्वोच्च उत्तम गुरुको दिमाग पहिल्याउनु वा बुझ्न खोज्नु

फिलिप्पीमा रहेका इसाई समूदायलाई पावलले पत्र लेख्दा उनको चिन्ता के थियो? हेर्नुहोस्, फिलिप्पी २:१-४ "१ यदि ख्रीष्टमा केही प्रोत्साहन छ भने, प्रेमको केही प्रेरणा, पवित्र आत्माको केही सङ्गति, केही स्नेह र सहानुभूति छ भने, २ तिमीहरू एउटै मनका भएर, एउटै प्रेम राखेर, पूर्ण सम्मतिसाथ एउटै चित्तका भएर मेरो आनन्द पूरा गर। ३ स्वार्थ वा अहङ्कारमा केही नगर, तर नम्रतामा एउटाले अर्कालाई आफूभन्दा श्रेष्ठ ठान। ४ तिमीहरू हरेकले आफ्नै हित मात्र नखोज, तर अरूका हितलाई पनि हेर।" र फिलिप्पी ४:२,३ "२ म इयोदिया र सुन्तुखेलाई प्रभुमा एउटै मनका होओ भनेर आग्रहपूर्वक बिन्ती गर्दछु। ३ विश्वासी सहकर्मी, म तिमीलाई पनि अनुरोध गर्दछु, कि यी स्त्रीहरूलाई मदत गर, किनकि यिनीहरूले मेरो साथसाथै सुसमाचारको काममा क्लेमेससँग र मेरा अरू बाँकी सहकर्मीहरूसँग परिश्रम गरेका छन्, जसका नाउँ जीवनको पुस्तकमा छन्।"

बाइबलमा धेरै गम्भिर, उल्लेखनीय, गहिरो र दिमागलाई कब्जा गर्ने अँशहरू छन्। तिनीहरूमा फिलिप्पी २:१-११ पनि एक हो। यी पदहरूमा येशूको जीवन कहानी समावेश भएको छ भने पनि हुन्छ। येशू संसारमा आएर कुनै सिद्ध काम गरेर वा तपस्या गरेर परमेश्वर हुनपुगेको होइन तर उहाँ यस संसारमा आउनुभन्दा अघि नै परमेश्वर हुनुहुन्थ्यो भनेर खुलासा गरिएको छ भने उहाँको ईश्वरीय स्वभाव, उहाँको मानव अवतार, उहाँको मानवता र क्रुसमा उहाँ मर्न तयार हुनुभएको सन्देश छन्। स्वर्गदेखि कलभरीसम्म झुक्दै झुक्दै लामो, कठिन यात्रा गरेको वयान ती पदहरूमा छन् (फिलिप्पी २:५-८)। फेरि यी पदहरूमा नै परमेश्वर पिताले उहाँलाई कस्तो महिमित स्थानमा उचाल्नुभयो जसले गर्दा सारा जगतले उहाँको आराधना गर्ने अवसर दिइयो (फिलिप्पी २:९-११)। यी केही पदहरूमा धेरै अचम्मका सत्यहरू कस्सिएर थन्किएका छन्।

येशूको बारेमा पावलले फिलिप्पी २:५-११मा कसरी परिचय दिन्छन्? येशूको जीवनमा घटेका सबै घट्नाहरूसम्झिन्दै रमाएका पावलले कुनचाहीँ घट्ना छ जुन येशूभक्ति हुँ भनेर दावी गर्नेहरूले आफ्नै जीवनमा प्रतिविम्बित गरियोस् भन्ने उनले आफ्नो भावना व्यक्त गर्दछन्? हेर्नुहोस्, "५ तिमीहरूमा यस्तो मन होस्, जो ख्रीष्ट येशूमा पनि थियो। ६ परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन (अर्थात् उहाँसँग प्रतिस्पर्धा गर्न चाहनुभएन वा सबैको सामु उहाँको यश आफूले देखाउन चाहनुभएन)। ७ तर आफैलाई रित्त्याईकन कमाराको रूप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो। ८ स्वरूपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो, र मृत्युसम्मै, अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो। ९ त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ, १० कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँड़ा टेक्नुपर्छ, ११ र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ।"

फिलिपीका विश्वासीहरू बादविवाद गर्न रुचाउने वा को भन्दा को कम भन्ने भावनाले ग्रसित थिए। तिनीहरूले येशूको मानवीय अवतारबाट सिकुन् भन्ने उनको चाहना थियो। यदि येशू परमेश्वर भएरपनि मानिसको चोला लिएर दास हुन सक्नुभयो र क्रुससम्म होचिन राजी हुनुभयो भने (फिलिप्पी २:७ रूपान्तरित) के इसाई हुँ भनेर दावी गर्नेहरूले पनि एक आपसमा प्रेमपूर्वक समर्पित हुनु पर्दैन र? सर्वोच्च गुरु येशूबाट हामीले सिक्ने पाठहरू धेरै छन् भनेर पावलले हामीलाई सम्झाउँछन्। उहाँको सांसारिक जीवनको सेवाकार्यमा आफूसँग भएका कुराहरू उहाँले बाँडचुड गर्नुभएको थियो। उहाँले दिन रात नभनी मानिसहरूलाई चङ्गाइ गर्ने काम वा मानव हितको निम्ति खट्नु भएको र उहाँले अरूलाई कस्तो व्यवहार गर्नुभयो तिनीहरूबाट हामीले सिक्नु जरुरी छ। परमेश्वर भएर पनि यतिसम्म झुक्नुभयो कि स्वर्गको महिमित सिंहासन त्यागेर जाबो एउटा गोठलाई आफ्नो उत्रिने ठाउँ बनाउनुभयो। उहाँको त्यो अनुकरणीय उदाहरणलाई हामीले नै मनन् गरेर अरूको निम्ति उदाहरण बन्नु पर्छ भन्ने पाठ के हामीले सिक्नुपर्दैन र?

येशूको जीवनको बिपरित संसारको चालामाला भिन्नै छ। यस संसारमा एक आपसमा प्रतिस्पर्धा गर्न चाहन्छन्। आफ्नो भाऊ वा सम्मान खोज्न

चाहन्छन् (भाऊ पाएन भने कतिले त चर्चलाई नै तहसनहस पार्न प्रयास गर्छन्), अरूभन्दा आफू ठूलो हुन चाहन्छन्, ठूलो ओहोदाको निम्ति तँछाडमछाड गर्न चाहन्छन्। अरूलाई होच्याएर आफ्नो इज्जत वा सम्मान राख्न चाहन्छन्। तर बेथलेहेमको गोठमा जन्मिनुभएको येशू र सर्वोच्च गुरुबाट हामीले भिन्नै पाठ सिक्न सक्नुपर्छ। शिक्षादीक्षाबाट परमेश्‍वरको महान् काम गर्न र मुक्तिको उपलब्ध हुन आफूलाई उच्च बनाएर होइन वा आफ्नो सम्मान खोजेर होइन तर परमेश्‍वरको सामु नम्र भएर र अरूको निम्ति सेवक भएर सक्रिय हुनुपर्दछ।

तपाईं अहिले नै कुन परिस्थितिको सामना गरिरहनुभएको छ जसले गर्दा तपाईं झुक्न सक्नुभयो भने अरूको अगाडि येशू ख्रीष्टको चरित्रलाई प्रभावकारीरूपमा प्रतिबिम्बित गर्ने अवसर पाउन सक्नुहुन्छ?

## ४. सर्बोच्च गुरु र मेलमिलाप

मानव सम्बन्ध प्रायजसो कुनै न कुनै कारणले बिग्रन गइरहेको हुन्छ (अझ मोबाइलको लतले गर्दा श्रीमान श्रीमतीको बीचमा, मित्रहरूको बीचमा, आफन्तहरूको बीचमा र परिवारका सदस्यहरूको बीचमा किनभने आफूसँग नजिक हुने प्रियजनसँग रहने, सम्बाद वा आदानप्रदान गर्ने र त्यो समयलाई महत्त्व दिने अवसरहरूलाई गुमाएर अदृष्य व्यक्ति वा थोकहरूसँग खेल्न रुचाउने प्रवृत्तिले गर्दा मानव सम्बन्धमा आँच आइरहेको हामी सबैले अनुभव गरिरहेकाछौं-अनुवादक)। हो, जब सम्बन्ध बिग्रिन्छ तब हामी एक आपसबाट टाडा हुन्छौं। एक आपसमा पराई हुन जान्छौं। एक फेरा अत्यन्तै विश्‍वास गरिने अभिन्न मित्र पनि समय बित्दै जाँदा ऊसँगको बिश्‍वासमा ढलमल हुन जान्छ। तर यस्ता बिग्रिएको सम्बन्ध मर्मत वा ठीक पार्न सकिन्छ। जब हामी पुनर्मिलनको अनुभव गर्छौं तब त्यसले कस्तो अचम्मको फुर्ती, ताजापन र उत्साहको वातावरण बन्छ तब त्यो समयको अनुभव एकदम मिठासको हुन्छ।

येशू ख्रीष्ट यस संसारमा आउनुको मूल तात्पर्य वा कारण नै मेलमिलाप हो। उहाँको मानव चोला र उहाँ सर्वोच्च उत्तम गुरु हुनुभएर टुक्रिएको सम्बन्धलाई जोड्ने नै उहाँको लक्ष्यको मुटु हो भनेर देहायका पदहरूले कसरी खुलासा गरिएको छ? हेर्नुहोस्, २ कोरन्थी ५:१६-२१ "१६ यसरी अब उप्रान्त हामी कसैलाई मानिसको दृष्टिकोणले हेर्दैनौं। हामीले ख्रीष्टलाई एक समय मानिसको दृष्टिकोणले हेरेका थियौं, तर अब उप्रान्त

उहाँलाई त्यसरी हेर्नेछैनौं। १७ यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ। १८ यो सब परमेश्वरबाट भएको हो, जसले हामीलाई ख्रीष्टद्वारा आफूसँग मिलापमा ल्याउनुभयो, र हामीलाई मिलापको सेवा दिनुभयो, १९ अर्थात् स्वयम् ख्रीष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदैहुनुहुन्थ्यो। तिनीहरूका अपराधका लेखा नलिएर मिलाप गराउने कामको सन्देश उहाँले हामीलाई सुम्पिदिनुभएको छ। २० यसकारण हामी ख्रीष्टका राजदूतहरू हौं, र परमेश्वरले हामीद्वारा अनुरोध गरिरहनुभएको छ। ख्रीष्टकै पक्षमा हामी तिमीहरूलाई बिन्ती गर्दछौं, कि तिमीहरू परमेश्वरसँग मिलापमा आओ। २१ किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो।"

जब कुनै व्यक्तिसँग टुटिएको सम्बन्ध पुनर्स्थापित भयो वा मर्मत भयो भने हामी आशिषित भएको अनुभव गर्छौं। यदि मानव मानवको बीचमा बिग्रिएको सम्बन्ध ठीक हुँदा हर्षको वातावरण बन्छ भने झन परमेश्वरसँग हाम्रो सम्बन्ध ठीक वा मर्मत भयो भने झन हामीलाई कस्तो महान् उल्लासमय अनुभव होला? २ कोरन्थी ५:१६-२१मा मानिस र परमेश्वरको बीचमा टुटिएको सम्बन्ध कसरी पुनर्स्थापना भयो वा मर्मत कसले गरे भन्ने धारणामा पावल स्पष्ट भएको देखाउँछ-परमपिता परमेश्वर आफै अघि सरेर उहाँसँग हाम्रो बिग्रिएको सम्बन्ध मर्मत गर्नुभयो वा ठीक पार्नुभयो। त्यो कार्य उहाँले "येशू ख्रीष्टद्वारा गर्नुभयो।"

"परमेश्वरले ख्रीष्टद्वारा संसारसँग आफ्नो टुटिएको सम्बन्ध आफैसँग मिलाउनु भएको थियो" (२ कोरन्थी ५:१८ रूपान्तरित)।

तर उहाँसँग हाम्रो सम्बन्ध फेरि गाँसियो भन्दैमा मेलमिलापको आनन्दको उपभोगमात्र गर्ने हुनुहुन्छ। हामीले सर्वोच्च उत्तम गुरुबाट धेरै कुराहरू सिक्नु जरुरी छ। मानव अवतार हुनुभएर येशूले मेलमिलापको काममा आफू सरिक हुनुभएको थियो। हामीलाई पनि त्यही मेलमिलापमा सरिक हुन आह्वान गरिएको छ। येशू ख्रीष्टद्वारा हामीलाई परमेश्वर आफेले उहाँमा मिलाउनुभयो। अब हामीलाई पनि पावलसँग "मेलमिलापको सेवाकार्य" परमेश्वरले सुम्पिनुभएको छ "२ कोरन्थी ५:१८)।

येशूको मानव अवतारको बारेमा वर्णन गर्ने नयाँ करारको अंशहरूमा कलस्सी १:१५-२० पनि अर्को उल्लेखनीय पदहरू हुन्। हेर्नुहोस्, "१५ उहाँ

अदृश्य परमेश्वरको प्रतिरूप, सारा सृष्टिका ज्येष्ठ हुनुहुन्छ, १६ किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए। स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू, सबै थोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन्। १७ उहाँ नै सबै कुराभन्दा अगाडि हुनुहुन्छ, र उहाँमा नै सबै कुरा बाँधिएर रहेका छन्। १८ उहाँ शरीर, अर्थात् मण्डलीका शिर हुनुहुन्छ, उहाँ नै सुरु हुनुहुन्छ, मरेकाहरूबाट जीवित हुनेहरूमा उहाँ ज्येष्ठ हुनुहुन्छ, ताकि प्रत्येक कुरामाथि उहाँ सर्वोच्च होऊन्। १९ किनकि उहाँको आफ्नो सारा पूर्णता ख्रीष्टमा वास गरेकोमा परमेश्वर प्रसन्न हुनुभयो, २० र परमेश्वरले उहाँका क्रूसको रगतद्वारा शान्ति गराएर पृथ्वीको होस् वा स्वर्गको होस्, उहाँद्वारा नै सबै थोकलाई आफूसँग मिलापमा ल्याउनुभयो।" प्रायजसो यी पदहरूलाई भजन वा स्तुतीको रूपमा प्रयोग गरिन्छ। पद १५-१७सम्म सृष्टिमा ख्रीष्टको भूमिकाको बारेमा छलफल गर्छ भने पद १८-२०मा मुक्तिको योजनामा उहाँको सहभागिताको बारेमा केन्द्रित गरिएको छ। ख्रीष्ट मुक्तिदाता र उद्धारकर्ता हुनुभएको हैशियतले सबै थोक परमेश्वरले आफूसँग मिलाउनुभएको छ वा मेलमिलापमा ल्याउनुभएको छ। यो केवल हामी मानव प्राणी र परमेश्वरको बीचमामात्र मेलमिलाप ल्याइएको होइन तर जगतव्यापीरूपमै मेलमिलापको काम सम्पन्न भएको छ। यो पुष्ट कलस्सी १:२०मा यसरी खुलासा गरिएको छ "परमेश्वरले उहाँका क्रूसको रगतद्वारा शान्ति गराएर पृथ्वीको होस् वा स्वर्गको होस्, उहाँद्वारा नै सबै थोकलाई आफूसँग मिलापमा ल्याउनुभयो।"

हुन त हामी सर्वोच्च उत्तम गुरुको दाँजोमा जगतसँग मेलमिलापको काममा कहिल्यै पनि सरिक हुन सक्दैनौं तैपनि हामीहरूकै परिधिमा "मेलमिलापको सेवाकार्यमा "सहभागी हुन हामीलाई आमन्त्रण गरिएको छ। यही नै होला कि जब येशूले प्रार्थना गर्दा उहाँको दिमागमा थियो "जसरी तपाईंले मलाई यस संसारमा पठाउनुभयो त्यसरी नै म यिनीहरूलाई संसारमा पठाउँदैछु" (यूहन्ना १७:१८ रूपान्तरित)।

मेलमिलाप गर्ने कार्यमा वा मानिस मानिसको बीचमा र परमेश्वरसँग बिग्रिएको सम्बन्धमा मर्मत गर्ने कार्यमा सहभागी भएर हामीले पुनर्मिलनको परमेश्वरको भूमिकालाई कुन कुन तरिकाहरू अपनाएर प्रतिबिम्बित पार्न सक्छौं? के अहिले नै त्यस्तो कुनै परिस्थिति छ जुन मेलमिलाप गर्नुपर्ने वातावरण सृजना हुनुपर्ने आवश्यक छ?

## ५. सर्वोच्च उत्तम गुरुको प्रथम छात्र वा विद्यार्थी

एक छिनमा साधारण गोठालाहरू भेँडाका वगालहरू चराइरहेका थिए। तिनीहरू एउटा सानो सहरको बाहिर चौरमा थिए। अनि अर्को क्षणमा तिनीहरूले अचम्मसँग स्वर्गदूतहरूको हुल देख्छन्। ती गोठालाहरूले स्वर्गदूतहरूबाट चकित पार्ने, अचम्मको र विश्वलाई नै तहसनहस पार्ने समाचार पाउँछन्। तिनीहरूको घोषणावाट अभिप्रेरित भएर तिनीहरूले भनेका बालकको खोजिमा निस्कन्छन्।

कल्पना गर्नुहोस् कि तपाईं गोठालाहरूसँग गोठमा पस्रिरहेको बालकलाई हेरिरहनुभएको छ। तपाईंले के देख्नुहुन्छ? लूका २:८-२० "८ त्यही इलाकामा गोठालाहरू थिए, जसले चउरमा बसेर राती आफ्नो बगालको रखवाली गर्थे। ९ प्रभुका एक जना स्वर्गदूत तिनीहरूकहाँ देखा परे, र प्रभुको तेज तिनीहरूका वरिपरि चम्क्यो, अनि तिनीहरू साह्रै डराए। १० तब स्वर्गदूतले तिनीहरूलाई भने, 'नडराओ, किनभने हेर, म तिमीहरूलाई बड़ो आनन्दको सुसमाचार सुनाउँछु, जो सबै मानिसहरूका निम्ति हुनेछ। ११ आज दाऊदको सहरमा तिमीहरूका निम्ति एक जना मुक्तिदाताको जन्म भएको छ, जो ख्रीष्ट प्रभु हुनुहुन्छ। १२ तिमीहरूलाई चिन्हचाहिँ यो हुन्छः तिमीहरूले एउटा बालकलाई लुगाले बेह्रेको र डूँड़मा सुताइराखेको भेट्टाउनेछौ।' १३ तब एक्कासि ती स्वर्गदूतसँग स्वर्गीय सेनाको एउटा दल देखा पऱ्यो। परमेश्वरको स्तुति गर्दै, तिनीहरूले भने, १४ 'सर्वोच्चमा परमेश्वरलाई महिमा, र पृथ्वीमा जुन मानिसहरूसँग उहाँ प्रसन्न हुनुहुन्छ, तिनीहरूलाई शान्ति!' १५ जब स्वर्गदूतहरू तिनीहरूबाट बिदा भएर स्वर्गमा गए, तब गोठालाहरूले आपसमा भने, 'आऔं, हामी बेथलेहेमसम्म जाऔं, र त्यहाँ घटेको यो घटना र परमप्रभुले हामीलाई बताउनुभएको कुरा गएर हेरौं।' १६ तिनीहरू आतुरीसँग गए, र मरियम र योसेफ दुवैलाई, र बालकलाई चाहिँ डूँड़मा सुतिरहेका भेट्टाए। १७ जब तिनीहरूले यो देखे, तब यस बालकको विषयमा जे कुरा तिनीहरूलाई भनिएको थियो त्यो तिनीहरूले बताइदिए। १८ गोठालाहरूले बताएका कुरा सुन्नेहरू सबै आश्चर्यचकित भए। १९ तर मरियमले यी सब कुरा गुन्दै मनैमा राखिन्। २० जस्तो तिनीहरूलाई भनिएको थियो त्यस्तै सबै कुरा सुनेका र देखेका हुनाले, परमेश्वरको महिमा र स्तुति गर्दै गोठालाहरू फर्के।"

सर्बोच्च उत्तम गुरुका प्रथम छात्रहरूलाई हामी तारिफ गर्नैपर्छ। तिनीहरू युशूफ, मरियम र गोठालाहरू थिए। जुन तल्लो स्तरमा झरेर वा नम्र भएर येशूको जन्म भयो त्यसबेला तत्कालिन उहाँको मानव चोलाको घट्ना कस्तो अचम्म रहेछ भन्ने कुरालाई युशूफ, मरियम र गोठालाहरूलाई खास त्यस्तो आत्मज्ञान थिएन। कसरी सृष्टिकर्ता परमप्रभु सनातन परमेश्वर पिता बालक हुनुभएर मानव जगतसँग एक हुनुभयो भन्ने कुरो शायद तिनीहरूको आत्मज्ञानमा घुसाउन सकेका थिएनन् होला। यद्यपि, सपना, दर्शनहरूद्वारा र स्वर्गदूतहरू देखा पर्दा ती प्रथम छात्रहरूले येशूको जन्म मावताभन्दा अपार भएको महसुस त गर्नै पुगेका थिए। गोठालाहरूले अरूसँग बालकको पहिचान को हो भनेर सुनाएका थिए "मुक्तिदाता, जो मसीह प्रभु हुनुहुन्छ" (लूका २:११ र २:१७)।

ज्ञानी मानिसहरूले येशूको जन्मको खबर कसरी लिए? राजा हेरोडको प्रतिक्रिया कस्तो थियो? हेर्नुहोस् मत्ती २:१-१२ "१ हेरोद राजाको समयमा यहूदियाको बेथलेहेममा जब येशूको जन्म भयो, पूर्वका ज्योतिषी वा ज्ञानी मानिसहरू यरूशलेममा आइपुगे र तिनीहरूले भने, २ 'यहूदीहरूका राजा भई जन्मने कहाँ हुनुहुन्छ? किनभने हामीले उहाँको तारा पूर्वमा देख्यौं र उहाँलाई दण्डवत् गर्न आएका छौं।' ३ जब हेरोद राजाले यो सुने, तिनी बेचैन भए, र तिनीसँग सारा यरूशलेम पनि बेचैन भयो। ४ अनि तिनले सबै मुख्य पूजाहारीहरू र जनताका शास्त्रीहरूलाई भेला गरे, र 'ख्रीष्टको जन्म कहाँ हुने हो? भनी सोधपूछ गरे। ५ तिनीहरूले तिनलाई भने, 'यहूदियाको बेथलेहेममा। किनभने अगमवक्ताले लेखेका छन्ः ६ 'ए बेथलेहेम, यहूदा मुलुकको गाउँ, तँ कुनै किसिमले यहूदाका शासकहरूका बीचमा कुनैभन्दा पनि तुच्छ छैनस्, किनकि तँबाट एउटा शासक निस्किआउनेछन्, जसले मेरा मानिस, इस्राएलको हेरचाह गर्नेछन्।' ७ तब हेरोदले ती ज्योतिषीहरूलाई गुप्तमा बोलाएर तारा कुन समय देखा परेको हो, सो तिनीहरूबाट पत्ता लगाए। ८ तिनले तिनीहरूलाई यसो भनेर बेथलेहेममा पठाए, 'जाओ, र ठीकसँग त्यस बालकको खोजी गर। तिनलाई भेट्टाएपछि मलाई खबर गर, र म पनि तिनलाई दण्डवत् गर्नेछु।' ९ तब राजाको कुरा सुनेर तिनीहरू आफ्ना बाटो लागे। जुन तारा तिनीहरूले पूर्वमा देखेथे, त्यो तारा तिनीहरूका अगि-अगि गयो, र बालक भएको ठाउँमा पुगेपछि त्यो तारा त्यहीं अड़ियो। १० जब तिनीहरूले त्यो तारा देखे, तब तिनीहरू अति आनन्दित भएर रमाए। ११ अनि घरभित्र पसेर तिनीहरूले

बालकलाई उहाँकी आमा मरियमको साथमा देखे, र घोप्टो परेर उहाँलाई दण्डवत् गरे। तब आफ्ना कन्तुर खोलेर उहाँलाई सुन, सुगन्धित धूप र मूर्रका भेटी चढ़ाए। १२ अनि हेरोदकहाँ फर्की नजानू भन्ने सपनामा चेताउनी पाएर तिनीहरू अर्कै बाटो भएर आफ्नो देशमा फर्के। १३ तिनीहरू गएपछि, परमप्रभुका एउटा दूत सपनामा योसेफकहाँ देखा परे र तिनले यसो भने, 'उठ, साना बालक र उहाँकी आमालाई साथ लिई मिश्रदेशमा भागिहाल, र तिमीलाई मैले नभनेसम्म त्यहीँ बस। किनकि, हेरोदले बालकलाई मार्न उहाँको खोजी गर्न लागेको छ।'"

कतिपय मानिसहरू येशू हुर्कनुभएपछि असल काम गरेर सिद्ध हुनुभएकोले उहाँ पुजनीय हुनुहुन्छ भन्ने सोचमा परेका छन्। तर उहाँले कुनै आश्चर्य काम गर्नुभन्दा अघि र कुनै पनि  शिक्षा, उपदेश वा अर्तीकथाहरू उच्चारण गर्नुभन्दा अघि उहाँ पुजनीय हुनुहुन्थ्यो किनभने उहाँ को हुनुहन्थ्यो त्यसले गर्दा। येशूको पछिको सेवाकार्यलाई राम्रोसँग सराहना गर्नु अघि उहाँका पहिला छात्ररूसँग मिलेर सर्वोच्च उत्तम गुरु आराधना गर्नु जरुरी छ। जसका शिक्षाहरूलाई हामी सराहना गर्छौं उहाँ केवल बुद्धिमानी शिक्षाबिदमात्र होइन। उहाँ परमेश्वर हामी मानिस जातिसँग रहन आउनुभएको थियो।  इसाई शिक्षा येशू ख्रीष्टलाई आराधना गर्ने जगमा बसालिनुपर्दछ।

ज्ञानी मानिसहरू, गोठालाहरू र स्वर्गदूतहरूसँग मिलेर येशूको आराधना गर्न हामीलाई आह्वान गरिएको छ। नयाँभएर जन्मनुभएको राजा र त्यस बालकमा परमेश्वर आफैको वास्तविकता भएको हेर्ने खुबी हामीमा हुनुपर्दछ।

येशू ख्रीष्ट मानव अवतार लिएर आउनुभनेको परमेश्वरको चरित्रलाई झल्काउँछ। सारा जगत वा ब्रम्हाण्डका सृष्टिकर्ता जुन हाम्रो दिमागले न त कुनै वैज्ञानिक साटालाइट वा भूउपग्रहले बुझ्न नै सक्दछ आफूलाई होच्याइएर मानव जातिमा येशूकोरूपमा रहनुभयो र क्रुसमा पनि हाम्रा पापका दण्डहरू भोग्न मर्नुभयो, यो खबर कस्तो छ? सोच्नुहोस्। यो सारा मानव प्राणीको निम्ति शुभसमाचार किन हो?

**उपसंहारः**

थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित *एजुकेशन*को पृ. ७३-८३ "द टिचर सेन्ट फ्रम गड।"

"परमेश्वरले पठाउनुभएको शिक्षकमा सबै खालका सही शिक्षा पद्धतिको केन्द्र पाइन्छ। आजको काममा होस् वा अठार सय वर्ष अघि उहाँले स्थापना गर्नुभएको काममा होस् उद्धारकर्ताले आफ्नो वचनद्वारा यसरी व्यक्त गर्नुहुन्छ "आदि र अन्त मै हुँ, र जीवित मै हुँ।...अल्फा र ओमेगा मै हुँ, सुरू र अन्त मै हुँ।' प्रकाश १:१७,१८, २१:६ रूपान्तरित।

"यस्तो महागुरुको सम्मुख र यस्तो ईश्वरीय शिक्षाको अवसरमा उहाँबिना जुनसुकै शिक्षादीक्षा सिक्नु खोज्नु कस्तो मूर्खता होला-ज्ञान र बुद्धिको भन्डारलाई वेवस्ता गरेर, सत्यलाई अस्वीकार गर्दै उहाँको ज्योतिलाई पन्छाउँदै, उहाँमा भएको जीवनबिना अस्तित्व खोज्नु, जीवित पानीबाट हटेर थोत्रो र बिग्रिएको कलबाट पानी निकाल्न खोज्नुको अर्थ केही छैन।

"हेर्नुहोस्, उहाँले अझै पनि हामीलाई आह्वान गरिरहनुभएको छः "३७ अब चाड़को पछिल्लो दिन, अर्थात् चाड़को प्रमुख दिनमा, उभिएर येशूले उच्च स्वरमा यसो भन्नुभयो, 'यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस्। ३८ जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भनेअनुसार 'त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिस्कनेछन्।' '१३ येशूले त्यसलाई भन्नुभयो, 'यो पानी पिउने प्रत्येक फेरि तिर्खाउनेछ, १४ तर जस-जसले मैले दिने पानी पिउँछ त्यो कहिल्यै तिर्खाउनेछैन। जुन पानी म त्यसलाई दिनेछु, त्यो त्यसमा अनन्त जीवनको निम्ति उम्रिरहने पानीको मूल बन्नेछ!' यूहन्ना ७:३७,३८, ४:१३,१४।"-एलेन जी ह्वाइट, *एजुकेशन,* पृ. ८४बाट रूपान्तरित।

"प्रिय शिक्षक ...

"तपाईंको कामको निम्ति गरिने अत्यन्तै उत्कृष्ट तयारीको लागि शिक्षकहरूको राजकुमारका वचनहरू, जीवन र तरिकाहरूलाई म औँल्याउन चाहन्छु। उहाँको बारेमा सोच्न म अनुरोध गर्दछु। उहाँ नै तपाईंको सत्य वा सही आदर्श हुनुहुन्छ। उहाँतिर नजर राख्नुहोस्, उहाँको शिक्षादीक्षा तथा उपदेशहरूमा त्यसबेलासम्म भिज्नुहोस् जबसम्म ईश्वरीय गुरुको आत्माले तपाईंको हृदय र जीवनलाई सम्हाल्नुहुनेछैन।

"ऐनाले जस्तै प्रभुको महिमा प्रतिबिम्बित गर्नुभयो भने तपाईं पनि उहाँकै स्वरुपमा परिवर्तन हुनुहुनेछ। २ कोरन्थी ३:१८ रूपान्तरित।

तपाईंका छात्रहरूलाई माथ गर्ने शक्तिको रहस्य यही हो। उहाँलाई प्रतिबिम्बित गर्नुहोस्।"-*एजेकेशन,* पृ. २८२बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. मानव अवतार लिएर आउनुभएका सर्वोच्च उत्कृष्ट महा गुरुगम्भिर भएर सिक्ने अवधारणाले इसाई शिक्षक र विद्यार्थीहरूको निम्ति उहाँको मूल्यमान्यता र क्रियाकलाप किन महत्त्वपूर्ण हुनुपर्छ?

आ. विशेष गरेर इसाई बाबुआमा र शिक्षकहरूमा उच्च आदर्श हुनुपर्छ-त्यो हो येशूको मानवीय चोलाले देखाएको परमेश्वरको स्वभावको प्रकट गर्नु। यस आदर्शबाट हामी चुक्न थाल्यौं भने हामीले के गर्नुपर्छ?

इ. येशूको जन्म, जीवन, र मृत्युले परमेश्वरको चरित्र वा स्वभावको बारेमा हामीलाई के सिकाउँछ? अत्यन्तै कष्टको समयमा यी कुराले हामीलाई सान्त्वना किन दिन सक्छ?

कथा ५

## नबिर्सिएको दुई सपनाहरू

**रश्मी रभी चन्द्र, ३२, भारत**

म येशूलाई विश्वास गर्ने परिवारमा जन्मेको थिइँन। मेरा छ जना दिदीबहिनीहरूमा म सबभन्दा जेठी थिएँ। जब म ठूली हुँदै थिएँ तब इसाई जीवनप्रति म आकर्षित हुँदै थिएँ। अनि म रबी नाउँ गरेको एक सेभेन्थ-डे एडभेन्टिस्ट युवकलाई प्रेम गर्न थालें। मैले मेरो हृदय येशूलाई दिएँ र हामी विवाह गऱ्यौं। विवाह गरेको तीन महिनासम्म त हाम्रो जीवन सुखमय नै थियो। अनि म बिरामी हुन थालें। म मुर्छा पर्न थालें। दिनको कुनै पनि समयमा म मुर्छा हुन्थें। मैले येशूलाई विश्वास गरेकोले र तिनीहरूको धर्मलाई छोडेकोले दुष्ट आत्माले मलाई सतायो भनेर मेरा बाबुआमाले सोच्न थाले। तैपनि मेरो बुबाले एक जना एडभेन्टिस्ट पास्टरकहाँ गएर प्रार्थना गर्न सल्लाह दिनुभयो। रबी र म बङ्गलुरु हालको बङ्गलोरमा रहेको पास्टरको घरमा गयौं। उहाँले मेरो शिरमा हात राखेर प्रार्थना गर्नुभयो। "प्रभु येशू, यदि तपाईंको इच्छा भएर तपाईंको छोरीलाई तपाईंमा समर्पित जीवन निरन्तररूपमा बिताउन सकुन्। तपाईंको सेवाको निम्ति उनलाई साहसिलो बनाउनुहोस्। उनलाई हमला गरेको शैतानको शक्तिलाई हटाइ दिनुहोस्," पास्टरले दिल खोलेर प्रार्थना गरे। जब त्यस रात मेरो श्रीमान आनन्दसाथ सुतिरहनुभएको थियो दुईवटा मनै खलबल्याउने सपना मैले देखें। कालो पोशाक लगाएको एक हुल मानिसहरू मेरो वरिपरि उभिरहेका थिए। एक जना अरुभन्दा निकै अल्गो थियो। उसले मलाई औंला देखाएर चिच्याउँदै थियो। एउटा कालो पोशाक लगाएको मानिसले मेरो हात बलियोसँग समातेर त्यस रिसाइरहेको अल्गो मानिसलाई देखायो। "तिमी किन एडभेन्टिस्ट चर्चमा गयौ? त्यो अल्गो मानिस तिम्रो भगवान हो। तिमीले उसलाई ढोग्नुपर्छ। तिमी येशूकहाँ जानु हुँदैन।" त्यस मानिसले मलाई हप्काइरहेको थियो। त्यो अल्गो मानिस रिसले चुर भइरहेको थियो। उसलाई हेर्न पनि मलाई डर लाग्यो। मैल शिर घोप्टो पारें र रोएँ। एक छिनपछि मैले एउटा सेतो पोशास लगाएको मानिस मकहाँ आयो र उसका हातहरू मेरा कुमहरूमा राखे। मैले उसको अनुहार देख्न सकिंन। उसको पोशाकमात्र मैले देखिरहेको थिएँ। मैले उसले छोएको अनुभव गरें। त्यो नरम र भद्र थियो। उसले नरम र सुरिलो आवाजमा मलाई भन्यो, "नडराऊ, म तिमीसित छु।"

त्यस अल्गो मानिसलाई देखाएर मलाई उसले भन्यो "अब तिमीले उसको अनुहार हेर्न सक्छौं।" मेरा कुमहरूमा हात राखेको भरमा मैले त्यस

रिसाएको कालो पोशाक लगाएको मानिसलाई सिधै हेर्न सक्ने भएको थिएँ। उसको अनुहार निर्दयी थियो र मतिर रिसले चुर भएर हेरिरहेको थियो। भोलिपल्ट बिहान रबी र म पास्टरको घरमा गयौं र सपना देखेको सुनायौं। "तिम्रा कुमहरूमा हात राख्ने प्रभु येशू हुनुहुन्छ" पास्टरले भन्नुभयो। हामी मिलेर प्रार्थना गर्‍यौं। त्यस दिनदेखि म मुर्छा पर्ने छोड्यो। तर मेरो जीवन ठ्याक्कै परिवर्तन भयो भन्न सकेको भए हुन्थ्यो। बिवाह गर्नुभन्दा अगाडि म अत्यन्तै जिद्दीवाल केटी थिएँ। मेरो हृदय येशूलाई दिएँ पनि विभिन्न धार्मिक चाडबाडमा म मेरा बाबुआमासँग सरिक हुन थालें। साबथ त्यस्तो महत्त्व छ भन्ने कुरामा म विश्वस्त भएको थिइँन। तर मेरो सपनापछ मेरा श्रीमान र पास्टरले मेरो लागि प्रार्थना गर्न थालेको थियो। बिस्तारै मैले केही बानीहरूलाई छोडें र साबथमा अरू दिनमा गर्ने क्रियाकलपाहरूमा सामेल हुन छोड्न थालें। अनि एक रात फेरि अर्को सपना मैले देखें। एउटा सुरिलो र भद्र आवाजले मलाई भन्दै थियो "पाप नगर्नु। तिमी छिटै न्यायको आशनमा उभिनेछौ।" त्यो रमाइलो आवाज थियो। त्यस अचम्मको आवाजले मलाई तर्साएको थिएन। म झल्यास्स उठें। त्यो मध्य रात थियो। मैले मेरो श्रीमानलाई मेरो सपनाको बारेमा भनें। "त्यो आवाज पवित्र आत्माको हुनुपर्छ किनकि शैताने न्यायको बारेमा कहिल्यै पनि कुरा गर्दैन। होशियार होऊ" उनले मलाई भन्नुभयो। सपनापछि मेरो जीवनलाई केलाएर हेरें। परमेश्वरको सहायताले मेरो जिद्दिपना कम भयो। म धेरै प्रार्थना गर्न थालें। ममा भएका कमजोरीहरूमाथि बिजय पाउन परमेश्वरसँग सहायता मागें। मेरो श्रीमान र म धेरै प्रार्थना गर्न थाल्यौं। चर्चको सुसमाचारीय कार्यक्रममा म सहभागी हुन थालें।

हाम्रो अहिले दुई भाइ छोराहरू छन्। तिनीहरूको उमेर १० र ६का छन्। तिनीहरू चर्चमा भजन गाउँछन् र सङ्गीत खेल्छन्। म सरकारी कर्मचारी हुँ। शनिबारको सट्टा आइतबार म काम गर्छु। येशूलाई नचिन्नेहरूलाई येशूको बारेमा सुनाउनु मेरो इच्छा हो। मसँगै काम गर्ने दुई जना साथीहरूले येशूप्रति चासो देखाएकोले मलाई धेरै खुशी लाग्छ। तिनीहरू चर्चमा आउने चाहना गरेका थिए। मेरा दुई सपनाहरूको निम्ति म परमेश्वरलाई धन्यवाद दिन्छु। येशू मसँग सधैं हुनुहुन्छ भनेर मैले मेरा सपनाहरूद्वारा महसुस गरेको छु। मेरो सबै जीवन उहाँलाई सुम्पिने मैले अठोट गरेको छु।

-लेखक आन्द्र्यु मेकचेस्नीलाई रश्मी रबी चन्द्रले सुनाएको आत्मवृतान्त।